नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७७/७८
चलानी नं.

प्रशासन शाखा

## विदेशीहरुको आगमन सम्बन्धी सूचना

नेपाल सरकार) मन्त्रिपरिषद् (को मिति २०७७।०८।१० को निर्णयबाट विदेशीहरुको नेपाल आगमन सम्बन्धमा देहाय अनुसार निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ .नेपाल आगमन गर्ने विदेशी नागरिकहरुका हकमा नेपाल स्थित विदेशी कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय संघसस्थामा कार्यरत विदेशी नागरिक तथा निजका परिवारका सदस्यहरु र नेपाली मूलका गैर आवासीय नेपाली तथा निजका परिवारका सदस्यहरुलाई आगमन अनुमति दिइने ।

२ .अन्य सबै बिदेशीहरुले विदेशस्थित नेपाली नियोगहरुबाट भिषा लिएर मात्र नेपाल आउन सक्ने । भिसा लिई आउन सम्भव नभएमा सम्बन्धित मन्त्रालयको सिफारिसमा आगमन विन्दुमा भिसा दिइने ।

३ .स्थलमार्गबाट अर्को सूचना नभएसम्मका लागि विदेशी नागरिकहरुले नेपाल सरकारको पूर्व स्वीकृति विना नेपाल प्रवेश गर्न नपाउने ।

४ .सबै विदेशीहरुले यात्रा शुरु गर्नुभन्दा बढीमा ७२ घण्टा भित्रको PCR Negative Report (RT-PCR/Gene Xpert/True NAAT वा सो सरहको परीक्षण समेत (अनिवार्य रुपमा पेश गर्नु पर्ने तर ५ वर्ष मुनिका बालबालिकाहरुलाई त्यस्तो रिपोर्ट अनिवार्य नहुने ।

५ .नेपाल सरकारले तोकेको स्वास्थ्य र सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्ने ।

६ .विदेशस्थित नेपाली नियोगहरुबाट जारी हुँदै आएको पर्यटक भिसा पूर्ववत् रुपमा जारी हुने ।

मिति: २०७७/०८/२६

(टेक नारायण पौडेल)
निर्देशक